सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ११ मितिः २०८२।०९।२८


## भाग-२

# कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो। यहाँका अधिकांश मानिसहरुको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको पाईन्छ। यस क्षेत्रमा फलफुल खेतीमा सुन्तला, कागती, आँप, केरा, लिचि तरकारी खेतीमा गोल्भेडा, काउली, बन्दा, आलु, खुर्सानी, भेडेखुर्सानी, मसलाजन्य बालीमा अदुवा, बेसार र टिमुर लगायत मह, च्याउ व्यवसायिक रुपमा खेती गरिदै आएको छ। यहाँका कृषकहरुलाई अझै व्यवसायिक र प्रतिस्पर्धी बनाई उनिहरुको आयआर्जन वृद्धि गरि स्वावलम्बी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ (ण), ७ बमोजिम गाउँ कार्यपालिकाले यो **"कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२"** जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u>

क) यस कार्यविधिको नाम **"कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"अनुदान"** भन्नाले गाउँपालिद्धारा विभिन्न कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि कृषक, कृषक समूह, कृषि सहकारी र कृषि उद्यमीहरुलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनुपर्दछ।

ख) **"अनुदानग्राही"** भन्नाले गाउँपालिकाद्धारा उपलब्ध गराईने अनुदान प्राप्त कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमीलाई सम्झनुपर्दछ।

ग) **"अध्यक्ष"** भन्नाले सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

घ) **"उपाध्यक्ष"** भन्नाले सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्दछ।

ङ) **"कृषि फर्म"** भन्नाले कृषिजन्य वस्तु उत्पादनमा संलग्न यस गाउँपालिका भित्रका कृषि तथा पशुपन्छी फर्महरुलाई सम्झनुपर्दछ।

च) **"कृषि सहकारी"** भन्नाले कृषिजन्य वस्तु उत्पादन तथा बजारीकरणमा संलग्न गाउँपालिका भित्रका सहकारी संस्थाहरु सम्झनुपर्दछ।

छ) **"गाउँपालिका"** भन्नाले सुनिलस्मृति गाउँपालिकालाई सम्झनुपर्दछ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सुनिलस्मृति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

झ) **"वडा"** भन्नाले सुनिलस्मृति गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुलाई सम्झनुपर्दछ।

ञ) **"व्यापारी भन्नाले"** यस गाउँपालिकामा व्यवसाय दर्ता गरि पान नं. लिएका कृषिजन्य वस्तुहरुलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई सम्झनुपर्दछ।

ट) **"समूह"** भन्नाले कृषिजन्य वस्तु उत्पादनमा संलग्न गाउँपालिका भित्रका समूहहरु सम्झनुपर्दछ।

ठ) **"प्राविधिक कर्मचारी"** भन्नाले गाउँपालिकाको कृषि विकास शाखा तथा वडा कार्यालयमा रही कृषि सम्बन्धी कामकाज गर्ने कर्मचारी सम्झनुपर्दछ।

ड) **"शाखा"** भन्नाले गाउँपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**३. अनुदान उपलब्ध गराउन सकिने कृषिजन्य वस्तुहरुः** गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही तरकारी, फलफुल, मसलाजन्य बाली, मह, च्याउ जस्ता बस्तुमा अनुदान उपलब्ध गराउन सक्नेछ।

**४. अनुदान उपलब्ध गराउने विधिः**

**क)** कृषक/कृषक समूह/कृषि सहकारीहरुलाई यस कार्यक्रममा सहभागी हुनको लागि गाउँपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

**ख)** कृषक/कृषक समूह/कृषि सहकारीहरुले अनुदान प्राप्त गर्नको लागि यस गाउँपालिकामा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गरि सुचीकृत हुनुपर्नेछ।

**ग)** कृषक/कृषक समूह/कृषि सहकारीहरुले सुचीकृत हुने निवेदनमा आफुले लगाएको बाली बस्तु र हरेक बालीको क्षेत्रफल र अनुमानित उत्पादन अनुसूची-३ बमोजिम खुलाउनुपर्नेछ।

**घ)** कृषक/कृषक समूह/कृषि सहकारीहरुले सुचीकृतका लागि आवेदन पेश गरे/भए पश्चात सम्बन्धित प्राविधिक कर्मचारीबाट शाखाले स्थलगत अनुगमन गराउनेछ र प्राविधिकले अनुसूची-४ बमोजिमको अनुगमन फारम सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ। बाली बस्तुको उत्पादन अनुमानका लागि बाली कटानी विधि अपनाउन सकिनेछ।

**ङ)** सम्बन्धित प्राविधिक कर्मचारिबाट स्थलगत अनुगमन फारम प्राप्त भए पश्चात वडा कार्यालयले अनुगमन फारमका आधारमा भुक्तानिका लागि अनुसूची-५ बमोजिमको सिफारिस गाउँपालिकालाई गर्नुपर्नेछ।

**च)** वडा कार्यालय मार्फत भुक्तानीको लागि सिफारिस प्राप्त भए पश्चात शाखाले अन्तिम मूल्याङ्कन सहित भुक्तानीको लागि प्रोत्साहन अनुदान व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ।

**छ)** शाखाले सूचिकृत कृषक/कृषक समूह/कृषि सहकारीको जुनसुकै बेला अनुगमन गरि बाली वस्तुको क्षेत्रफल र स्थिति यकिन गर्न सक्नेछ।

**ज)** गाउँपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्मको समय समयमा अनुगमन, निरिक्षण गर्नेछ र झुठ्ठा विवरण पेश गर्ने फर्म/समूह/सहकारीलाई दर्ता खारेजी गरि त्यस्ता संस्थालाई अनुदान वितरण गरिने छैन।

**५. <u>उपलब्ध गराउने अनुदान रकमः</u>**

क) न्यूनतम मापदण्ड पुगेका कृषि सहकारी/कृषक समुह/ कृषि फर्महरुलाई कृषि उपज बिक्रिको आधारमा देहाय बमोजिमको रकम अनुदान स्वरुप उपलब्ध गराइनेछ।

| क्र.स. | बाली वस्तु | उत्पादनको न्यूनतम् मापदण्ड | | प्रति एकाई प्रोत्साहन अनुदान रु. |
|---|---|---|---|---|
| | | व्यक्तिगत | सामूहिक | |
| १ | अदुवा | वार्षिक २०० के.जी. | वार्षिक ४००० के.जी. | रु. ६ |
| २ | बेसार | वार्षिक २०० के.जी. | वार्षिक ४००० के.जी. | रु. ६ |
| ३ | गोल्भेंडा | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ५ |
| ४ | लसुन | वार्षिक ४०० के.जी. | वार्षिक ८००० के.जी. | रु. १० |
| ५ | प्याज | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ३ |
| ६ | टिमुर | वार्षिक १० के.जी. | वार्षिक २०० के.जी. | रु. १०० |
| ७ | काउली | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ४ |
| ८ | बन्दा | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ४ |
| ९ | आलु | वार्षिक २००० के.जी. | वार्षिक ४०००० के.जी. | रु. ३ |
| १० | सुन्तला | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| ११ | कागती | वार्षिक २५० के.जी. | वार्षिक ५००० के.जी. | रु. ५ |

| | | | | |
|---|---|---|---|---|
| १२ | आँप | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ५ |
| १३ | मह | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु. १०० |
| १४ | च्याउ | वार्षिक २०० के.जी. | वार्षिक ४००० के.जी. | रु. १५ |
| १५ | फापर | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु. ४० |
| १६ | कोदो | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु. २० |
| १७ | लट्टे | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु. ४० |
| १८ | मास | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु.६० |
| १९ | सिमिको दाल | वार्षिक १०० के.जी. | वार्षिक २००० के.जी. | रु. ६० |

ख) उल्लेखित बाली वस्तुमध्ये विनियोजित बजेटको परिधिमा रही दुई वा सो भन्दा बढि बाली वस्तुमा अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन। तर विनियोजित बजेट अपुग भएमा कुनै एक बाली बस्तुमा मात्र पनि अनुदान उपलब्ध गराउन सकिनेछ।

ग) थप प्रोत्साहन गर्न सक्नेः प्रोत्साहन अनुदान व्यवस्थापन समितिको निर्णय बमोजिम विनियोजित बजेटको परिधिभित्र रही सूचीकृत कृषकहरुमध्ये उत्कृष्ट कृषकलाई थप प्रोत्साहन गर्न बाधा पर्ने छैन।

६. <u>कृषिजन्य वस्तुको खरिद तथा विक्रि मुल्यः</u>

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुले आफ्नो सबै सदस्यहरुको सहभागितामा कृषिजन्य वस्तुको प्रचलित बजार दर अनुसार मूल्य निर्धारण गर्न सक्नेछ।

ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी वार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछ।

ग) कृषकहरुको सहभागितामा कृषि सहकारी/कृषक समूह/कृषि फर्मले निर्धारण गरेको मूल्यको सूची सबैले देख्नेगरि संकलन केन्द्र वा विक्रि स्थलमा टाँस गर्नुपर्नेछ।

घ) खरिद र विक्रि मूल्य निर्धारण गर्दा यथासम्भव खरिद र बिक्रि मूल्य बिचको अन्तर कम हुनुपर्नेछ तर बिक्रि मूल्य निर्धारण गर्दा भण्डारण अवधीमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ।

ङ) खरिद र बिक्रि मूल्य बिचको अन्तरबाट हुने आम्दानी सम्बन्धित कृषि सहकारी/ कृषक समूह र कृषि फर्मको हुनेछ र उक्त रकम संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन लगायत अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ।

च) कृषि सहकारी/ कृषक समूह/कृषि फर्मले कृषिजन्य वस्तुको मूल्य निर्धारणको क्रममा गाउँपालिकाको कृषि शाखाको प्राविधिकलाई सहजिकरणको लागि आमन्त्रण गर्न सक्नेछन।

## परिच्छेद-३

## प्रोत्साहन अनुदान व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**७. प्रोत्साहन अनुदान व्यवस्थापन समितिको व्यवस्था, काम/कर्तव्य र अधिकार**

**७.१ समितिको व्यवस्थाः** क)कृषि वस्तु उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन हुनेछः

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) आर्थिक विकास समिति संयोजक | -सदस्य |
| ङ) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| च) कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

ख) समितिले आवश्यकता अनुसार बढिमा ३ जना विज्ञ वा पदाधिकारी आमन्त्रण गर्न सक्नेछ।

**७.२ समितिको काम, कर्तव्य र अधिकारः** प्रोत्साहन अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रस्ताव मूल्याङ्कन गर्ने, प्रस्ताव उपर छलफल गरि औचित्यताका आधारमा अनुदानग्राही छनौंट गर्ने, अनुदान रकम भुक्तानीका लागि निर्णय गर्ने, आवश्यक परे छुट्टै मूल्याङ्कन कार्यदल गठन गरी स्थलगत प्रमाणिकरण गराउने हुनेछ।

## परिच्छेद-४

## विविध

८. **अनुदान रकम निकासाः** उत्पादनमा आधारित अनुदान रकम गाउँपालिकाबाट वार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ।

९. **अन्य क्षेत्रमा अनुदानः** उत्पादनमा आधारीत अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन।

१०. **बजार मूल्यको कारण हुने क्षेतीको परिपुर्तीः** विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मूल्यभन्दा अत्याधिक कम मूल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पुर्ती गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाइनेछ।

११. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधी कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१२. **परिमार्जन तथा संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

१३. **खारेजी र बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित ऐन, कानूनहरुसँग बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**अनुसूची-१**

**दफा ४ (क) सँग सम्बन्धित**

**कृषि उत्पादनमा आधारित अनुदानका लागि निवेदन आव्हानको सूचना।**

सूचना प्रकाशन मितिः...............................

सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको आ.व. ..................... को स्वीकृत वार्षिक कार्यक्रम उत्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि **"कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२"** अन्तर्गत................................................बाली वस्तुको उत्पादनको आधारमा अनुदान प्राप्त गर्न ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको..................दिन (अन्तिम मिति..............................गते कार्यालय समय) भित्र सम्बन्धित शाखामा देहायबमोजिमको कागजात सहित निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाँघी आएका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

पेश गर्नुपर्ने कागजातहरुः

१) अनुदानका लागि निवेदन,

२) सम्बन्धित निकायमा दर्ता तथा नविकरण गरिएको प्रमाणपत्र,

३) स्थायी लेखा नं. र गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,

४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

५) समूह र सहकारीको हकमा बैठक बसी कार्यक्रममा सहभागी हुन निर्णय गरिएको माइन्यूटको प्रतिलिपी,

६) निवेदकको नेपाली नागरिकता/परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी,

७) आधिकारीक निकायमा दर्ता नभै कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुको लागि बुदा नं. २, ३ र ५ अनिवार्य रुपमा लागु नहुने,

**अनुसूची-२**
**दफा ४ (ख) सँग सम्बन्धित**
**(निवेदनको ढाँचा)**

मितिः..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा।

विषयः अनुदान उपलब्ध गराइपाउँ।

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिका, कृषि विकास शाखाको आ.व....................को वार्षिक स्वीकृत उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि **"कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२"** अनुसार मिति.........................मा प्रकाशन गरिएको सूचनाको आधारमा म/हामी ....................................................सञ्चालक/सदस्यहरुले खेती गरिएको बाली बस्तुको अनुसूची-३ बमोजिमको विवरण यसैसाथ संलग्न गरि पेश गरिएकाले म/हामीलाई उक्त कार्यक्रममा सहभागी हुनको लागि सूचिकृत गराईपाउँ भनि यो निवेदन पेश गर्दछु/गर्दछौं।

**निवेदकः**
दस्तखतः
नामः
पदः
सम्पर्क नं.:
संस्थाको छापः

अनुसूची-३

दफा ४ (ग) सँग सम्बन्धित

(खेती गरिएको बाली वस्तुको विवरण)

| क्र.स. | बाली वस्तुको नाम | खेती गरिएको क्षेत्रफल (रोपनिमा) | एकाई | अनुमानित उत्पादन परिमाण (के.जी.) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

## अनुसूची-४
## दफा ४ (घ) सँग सम्बन्धित
## (स्थलगत अनुगमन फारम)

आ.व. ………………मा सञ्चालन हुने उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको स्थलगत अनुगमन फारमः

| क्र. स. | कृषक/कृषक समूह/कृषि सहकारीको नाम | जिम्मेवार व्यक्तिको नाम | ठेगाना | सम्पर्क नं. | सूचीकृत हुन चाहेको बाली/वस्तु | पेश गरेको निवेदन बमोजिम | | स्थलगत अनुगमनमा देखिएको विवरण | | अनुगमनकर्ता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क्षेत्रफल (रोपनी) | अनुमानित उत्पादन( के.जी.) | खेती गरिएको क्षेत्रफल (रोपनी) | भएको उत्पादन (के.जी.) | प्राविधिक | जनप्रतिनिधि |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची-५
## दफा ४ (ङ) सँग सम्बन्धित
## (वडा कार्यालयबाट रकम भुक्तानीको सिफारिस)

मितिः...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका,
सुलिचौर, रोल्पा।

**विषयः** सिफारिस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस सुनिलस्मृति गाउँपालिका वडा नं. ............ मा रहेको ....................................................................... फर्म/समूह/सहकारीले कृषि विकास शाखाको यस आ.व. को उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा समावेश हुन सूचिकृत भई तपसिल बमोजिमको उत्पादन गरेको हुनाले **"कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम सो उत्पादन बापत अनुदान रकम भुक्तानी गरिदिनुहुन सिफारिस गरिन्छ।

**तपसिलः**

| क्र.स. | बाली वस्तुको नाम | उत्पादन परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

| | | | |
|---|---|---|---|
| ४ | | | |
| ५ | | | |

.............................                                    ...................

**कृषि प्राविधिक**                                    **वडा अध्यक्ष**

आज्ञाले
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत